# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धका ऐतिहसिक सामग्री

(गताङ्कको बाँकी)

१८. श्री प्राइममिनिष्टरका हजुरमा वलवीर थकालीले लेषि चह्राई पठायाको थाकठेनीवाह्र गाउँ भनांका भर अम्वलमा भयाको जनावरका तायेदान गरि ज्मा कागज लेषि चह्राई पठाउनु भनि मर्जिको दस्षत वक्सी सहुँदा सिर चह्राई गाउंगाउंमा जाँच गर्दा सहज्मा ६४३८ भयो. दुनियाहरू भन्या हजुरमा मजुरी विन्ति गर्न सक्तैन. अघि चलि आया वमोजिम अडाअडासम्मको करुणा क्षमा रहिवक्सीस भया गरिप दुनियाको जीविका हुंदो हो भनि गैह्र दुनियाले विन्ति गर्छन्. जनावर को देहिषोली चह्राई पठायाको छ कसो गर्न्या हो.

तपसिल

| | | | |
|---|---|---|---|
| स्यांको — — — | ९० | चिमाका— — — — | १२ |
| छार्कको — — | ३२२ | षम्वाभोट्याको — — | ८५३ |
| थाकको — — | ८४६ | वाह्रगाउमनांको—— | ४२१२ |
| चौरिकोसाढ — | २६ | चौरी— — —— | ३८१ |
| भेडाबाखा — | ८२० | गदाहा— — — — | १२८ |
| ठिनीका — — | १०३ | लुलु — — — — | २१२ |
| लुलु — — — | ४९ | झोचा— — — — | २७२ |
| झोवा — — | ३२ | च्यांग्राभेंडा — — | ३२१९ |
| चौरिसाढ— — | २२ | | |

माघ वदि १२ रोज २ मा

श्री प्राइममिनिष्टरवाट वलवीर थकालिके लेषिगयाको कठिनि वाह्रगाउँ भनांका भर अम्वलका जनावरका तायेदान कागज समेत ज्मा जनावर ६४३८ येति भया भनि लेख्याका कुरालाई अरूले ताहा जांचि आउंदा मैले लेखि पठाया भंदा दोवरको कुरा गर्छन् श्री ५ सर्कारको जमिन जान्या फौजको ज्यू जान्या वषतमा तैले ताहा भयाका जनावर दवाउनापछि लागिस भन्या. तेरा ज्यूधनमा पर्न्याछ सो वुझी चैत्र वैशाखमा पालपावाट वरष पल्टन आउदा रसद वोकाउनलाई तयार गरिराषनु ताहावाट रसद वोकाई झुगासम्म पुऱ्याईदिनुपर्छ तेस वेलालाई ज्मा गराउनु हर्कट भयो भन्या तेरा ज्यू धनमा पर्ला शुभम्–

माघवदि १४ रोज ४ मा

श्री प्राइममिनिष्टरवाट श्री जनरल वद्री नरसिंह कुवर राणाजी के लेषि गयाको फौज वढाई हवैन भनि ६।६ सयेको पल्टन २ नया भर्ना गरि येक पल्टन धनकुट्टा तरफ जान्या भयो यस्तरफ वढिया धाक्च्या मनाकै मिल्दैन. तसनिमित्त. तेसतरफ जगाजगामा सिपाहि हुन्या धरानाका १२ वर्षदेषि माथि ५० वर्ष देषि मनिका लायेक मानिस झिकाई हेरि ज्मादार हुंदा सिपाहि ६।६ सयेका पल्टन २ जमाइ तयार गर्नु

पर्‍यो वैशाष वदि १ रोजदेषि मैह्लावारि दर्माहा लाग्याछ भनि सुनाइ चाडो भर्ना गरि पठाई दिन्या काम गर्नु पजनी गर्नालाई र जगाजगावाट मानिस झिकाई ताह्री वसी हुंछ तापनि पोषरासम्म गैं हुंछ तापनि भर्ना गर्नुपर्छ ताहापनि ढाक्‍या ज्मा गरि पजनी गर्नु कपतानले फ्टेन सुवेदार षर्दारहरू ज्याहिवाट भर्ना हुन्या छन् ताहा तिमीवाट भर्ना गर्नु पर्न्या जवानको रयवंदी ज्मादार २० के दर २०५ कोत्या २ के दर १२५ मेजर २ के दर १२५ अजिटन २ के दर २०० अगाडि निसान २ के दर ६० पछाडीं निसान २ के दर ५५ हवल्दार ४० के दर ६० अमल्दार ४० के दर ५५ लैन हवल्दार २ के दर ७५ सिपाहि ११२२ के दर ५० वर्ष १ के येहि हिसाव वमोजिम मैह्लावारि पाउन्याछन्. मोस्ताङवाट नौदिनमा झुगा पुग्न्या रहेछ लेफटेन अम्वर सिं कुवर राणाजि र वरष पल्टनको येक पट्टि ज्मादार हुंदा सिपाहिलाई फागुन लाग्या संक्रान्तिका भोलिपल्ट त्योजान्या ज्मादार स्मेत १ पट्टीलाई गठा वर्षजाना समेत दि ताहावाट मोस्ताङ पठाई मोस्ताङ तर्फका चौरिझोवा लुलु षचर गदाहा भेदा गैह्र भारीवोकन्या जनावर ५।७ हजार ज्मा गरि राषनु ति ज्मादार फागुनका १० दिन वाकिसम्म जसजसका भारि वोकन्या लुलु चौरी गदाहा षचर छन् तितीहरूलाई आफ्नु वंद वेपार चलन गर्न दिनु वाहा पछि कसैले दवाउन छपाउन नपाउन्या गरि ज्मा गर्नु तिज्मा गर्‍याका लुलुचौरी गदाहा षचर भारि वोकन्या जनावरलाई रसद वोकाई वैशाष लाग्न्या संक्रान्तिका दिन झुगा पुग्न्या गरि वरफ पल्टन स्मेत लैजानु पर्न्याछ. रसद षरिदलाई वेनिवाङलु गरदान मन्सारवाट रुपिया लिनु भन्या वेहोराका दस्षत ५।७ दिनमा पठाईदिन्या काम गरिएला. सो दस्षत वमोजिमका रुपिया ली तिनै रुपिञाले जति ज्मा भया सम्मका जनावरले वोकनपाया करुको सत्तु नपाया जौकोसत्तु. त्यो पनि नपाया चावल च्यूरा उवाफापर येतिमा जो जो पाइन्छ पायासम्मको रसद षरिद गरि मोष्पझुगामा रह्याका पल्टन स्मेतलाई पुगोस्. नभया वरष पल्टनलाई रसद हर्कट नहुन्या गरि जमा गर्नु भन्या कुरा अह्राई ज्मादार स्मेत १ यहि हुंदा सिपाहि समेत ली. लेफटेन अम्वरसिं कुवर राणाजिलाई फागुन लाग्या संक्रान्तिका भोलिपल्ट हिडाउन्या काम गरनु. फागुन निकल्दोमा वांकि रह्याको वरष पल्टनलाई गडापन्थर जो चाहिन्या षर्षजास्मेत मोस्ताङमा नीजले फटेनसंग सामेल भै रहनु भनि अह्राई पठाउनु ताहाबाट झुगा जानुभन्या. लेषिगयापछि मोस्ताङबाट लेफतेन समेत वरफ पल्टनलाई र वाना गार्न्या काम गर्नु. ताहा तिम्रा तैनाथमा रह्याका शम्सेर जङ्ग पल्टनका सयेनाललाई चादनोडा दिनु शम्सेर जङ्ग पल्टनका ज्याहा तैनाथ भयाका सयेनाल सधाया सिकायाको रहेन छ. भनि. नानी कर्णेल केदार नरसिंह कुवर राणाजीले लेष्याको रहेछ ति सिपाहि तहसिलमा रह्याको हुनाले. केहि तालिम नभयाका हुन्. अवर वेस गरि सधाउन्या सिकाउन्या काम गर्नु शुभमम्—

माघ वदि १४ रोज ४ मा

श्री प्राइममिनिष्टरका हजुरमा ल्हासाका नाइक्या सिद्धिराजले लेषि चह्राई पठायाको माघ वदी १ रोजका दिन ल्हासावाट रवाना भै येवदी १० रोजका दिन डिगर्चामा आइपुग्या अरू विस्तार हजुरका चरणमा म आयापछि विन्ति चह्राउला मुकाम डिगर्चा शुभम्—

माघ वदि ३० रोज ५ मा

ताहापछि श्री प्राइममिनिष्टरका हजुरमा सर्दार जुद्धवीर अधिकारीले लेषिचह्राई पठायाको. हजुरका मर्जिवमोजिम म २ सयेनाल र षर्षजाना तयारी गरि कार्तिक शुदि १३ रोज ५ दिन सायेता गरि प्यूठाना अडा देषि कुचगरि मार्गशुदि ३ रोजका दिन दुल्लु पाहुका आइ पुगि केहि दिन तहि मुकाम गरि ताहावाट पनि कुच भै पौषका १८ दिन जांदा आदित्यवारका दिन जुमला सो हुगल्यादरा. तुमचौर फेदिमा श्री कम्याण्डर कर्णैल साहेवका हजुरमा दाषील भै मर्जिवमोजिम कामकाज गर्दैछु शुभम्—

माघ शुदि १ रोज ६ मा

श्री प्राइममिनिष्टरका हजुरमा प्रोहित चतुर्भुज

अर्ज्याले लेषि चह्राई पठायाको रसदका अर्थलाई दिनकादिन उज्यालो भयादेषि वस्याको सांजसम्म पनि उम्कदैन रसद घर सिध्याई रसद थन्क्याउनु लागिरह्या छौ. केहि घर भन्या बनाउदैछु औ माथि-तिरको षवर. ल्हासाका राजा लामाले क्या विहुत गरेछ र अघिदेषि झुगामा नेल हालि थुन्याको रहेछ अवर गोर्षा श्री मिनिष्टर साहेव इश्वरको चढाइ हुनलाग्यो भनि ल्हासाको राजा लामालाई आफै भाग्यो भन्यां वहाना गरि येकदिनको वाटो माथितिर गै पुग्याइ आया भन्या षवर सुनिन्छ. केरुंमा वस्न्या ढेवाका घरमा गाड्याको धोजा वतासले तिनटुक्रा भै भाचियो भन्या षवर सुनियो. वहाका रैयेतहरूले यस्तो वतासता वारंवार आउदै थियो. कैले पनि भांचिदैनथ्यो. अैलेका वर्ष क्या उपद्र हुन लाग्यो र यो धोजा भाँचियो. अव गोर्षा सर्कारको राज्य हुन लाग्यो भनि भन्दछन् अरे उस्का पट्टिका रैयेतहरू हाम्रापट्टि भागि आउन लाग्यो भन्या षवर सुनेछ र दोसाध आफ्नापट्टि चौकी पहरो राष्यो. अरे रैयेतहरू कोहि भागि गयौ भन्या तिमी रैयतहरूका ज्यू पनि काटियौला. सर्वस्व पनि हौला अवर तिमी रैयत-हरूले आफ्ना हातहतियार जो भयाका तयार गरि राष भन्या उर्दि सुनायो भन्या षवर सुनिन्छ. रैयतहरूले आपसमा अैले हामि भागि जान्या छौ हामीलाई उर्दि क्या दिछौ. श्री मिनिष्टरसाहेव इश्वरका अवतार भयाको छ. भन्यापछि हामीले गरि क्या हुंछ भनि भन्दछन् अरे गोर्षा सर्कारपछि मिल्दैछौ. हामीलाई धेरै सुख हुन्याछ भन्या षवर सुनिन्छ शुभम्–

## माघ सुदि २ रोज ७ मा

ताहापछि श्री प्राइममिनिष्टरवाट. श्री कम्याण्डर कर्णैल षड्ग बहादुर कुवर राणाजीलाई लेषि गयाको विजैपुरवाट पनि आजसम्म रसद आउन्यै थीयो. सुवेदार अजप् थापासंग धोक्रालाई टाट देउभन्दा आहाको टाट हेटौडा पठाइदिनु भन्या श्री ठाहिला जनरलवाट लेषि आयो भनि टाट चाँडो नदिंदा ढील भयाको हो. अवरढोक्रालाई टाट ३ हजार दिएछ. तेस्को ९ हजार ढोक्रा हुन्छ. अब ५।७ दिनदेषि विजैपुरवाट रसदका भारि वलाङचुङमा चलन्या भनि लेष्याका कुरालाई वलाङचुङमा लैजान्या रसद दोहागढीवाट नलैगै विजैपुर-वाट लैजान्या वन्दोवस्त कस्का वुद्धिले गर्‍यौ यस्तै तजवीजले गर्‍यौ भन्या रसद पुर्‍याउन सकौला भन्या जस्तो देषीयो. दोहागदिबाट वलाङचुङ कति दिनको वाटो छ. विजैपुरवाट कति दिनको वाटो छ. त्यो पनि हिसाव गर्‍यौ कि. उर्स जसले ज्या भन्यो उसै वमोजिम गर्‍यौ दोहागदिमा येक गोला र वालाङचुङमा यक गोला तैयार गरि रसदको ताकिति गर्न्या काम गर. अघि तिमिलाई वलाङचुमा वस्नु भन्याको हो. अव म डिगर्चा पुग्यापछि तिमिले डिगर्चा आउनु पर्न्याछ. तसअर्थ सिपाहि समेतलाई दोचामोजा वषु हिउ जाडोमा लाउन्या लुगाहरू सवै तयार गर्नु. लाउन्या काम गर. तोपको गोला ५।५ सये र १५।१५ सये गिराफ तयार गर्नु. आहाबाट तोप आउदैन. इलाममा छन् भन्या. ताहाको पनि झिकाई तयार गर्न्या काम गर. रसद वोकन्या ढोक्रा वोराको नवनाउनु टाटको वलियो वाकुलो हेरि ९ हजार षरिद गर्नु. रसद वोकदा र धोक्रामा हालि वोकि ल्याई अडामा पुग्या पछि वोरा षन्याइ संभारसंग राषनु लगाई फेरि धोक्रा षन्याई लैगि. अर्को रसद भरि वोकाईन्या काम गर्नु ताहा षटियाका पल्टन कंपनिका पगरि हुदा सिपाहि लांजीमा गैह्रको गयेर षालि हाजिरिकति छन् षसोषास हाजिरिलि फर्द लेषि आहा पठाइदिनु. चोरलाई कसो गरु भनि लेख्याका कुरालाई ऐनमा हेरि चुक अनुसार ऐन वमोजिम गर. नया पल्टनका पगरि हुंदा सिपाहिसवै आहा भर्ना भै सकिया इन्मा भर्ना भागन्या भै खालि भयो भन्या तिमीले भर्ना गर्न्याका मगर. नञा पल्टनलाई चाहिन्या भनी रैवन्दिमा दरियाको पिपा ज्मादार २ के दर ५० पिपा हवल्दार २ के दर ४५ पिपा १०० के दर ३६ येस हिसापले मोहर रुपिया पाउन्ये छन् येति पिपाका ज्मादार हवलदार. पिपा किराति भोट्यामा ताहिं भर्ना गर शुभम्–

## माघ शुदि २ रोज ७ मा

श्री जनरल कृष्नबहादुर कुवर राणाजिबाट कम्याण्डर कर्णैल जङ्गबहादुर कुवर राणाजीलाई लेषि गयाको सुवेदार नैनसि वस्न्यात सिपाहि ५।७ जाचमा

गयाको थिया. जांचवाट झिकाई ११२ दिनमा तेस तरफ हिडन्या छन् ताहारह्याका पल्टन कंपनिका मानिसको जनो जांच हाजिरी गरी ञाहा पठाउनु भनि श्रीमिनिष्टर दाज्यै ज्यूबाट तिमीलाई लेषि गयाको छ. तस निमित्त सुवेदार नैनसिं वस्न्यात र इनकासंगमा. ताहापुग्याका सिपाहिलाई हाजिर गरि पठाउनु. सुवेदार-संग नपुग्न्यालाई गयेर गरि पठाउन्या काम गर्नु शुभम्–

## माघ शुदि ४ रोज १ मा

श्री जनरल कष्नबहादुर कुवर राणाजीबाट काजी डिल्लीसिंह वस्न्यात के लेषिगयाको माघ शुदि ३ रोज १ का वेहान रसद हालन्या वोरा नजर हुंदा येस्तो मोट तरफ जङको हामिले मनसुवा गरि ८३ हजार रुपिया दी थैला झिकाउ भनि हामीले अह्रायामा षप्न्या नषप्न्या काज पुग्न्या नपुग्न्या अंदाज गरि साहु धर्म-नारान्लाई ८३ हजार रुपैया. काजी डिल्लीसिंह वष्न्यातले र षजांचि शिवप्रसाद अर्ज्यालले सौंप्पाछन् वोरा भन्या काम नलाग्न्या चावलस्मेत चुहुन्या झिकाई काम हर्कट गऱ्या भन्यापछि साहु धर्मनारानले पनि आजसम्म दाषिल गऱ्याका वोराको रुपियाको ४ वोरा भया ८ वोरा देवस् वाकि रुपिया वडाकप्तान सनकसिं षत्रीले र षजांचि सिद्धिमानसिं राज भंडारीले टाटको थैला झिकाउनु भनि तिमी र षजांचि शिवप्रसाद अर्ज्याललाई १३ सालको वालिलाई षोसियाथ्यौ. वडा कप्तान सनकसिं षत्रीलाई पनि ताहा आउनालाई षटियाथ्या फेरी यसैदिनमा दिउसों म गया र काजकाम कारिन्दा हुन. ति वोराको नमुना दिंदालिदा हामी सवै जान्दैछौ भन्यापछि षोसिनु मुनासिव होइन भनि अनेक तरहसंग विन्तिगर्दा येकवार भाइयोस् तैले विन्ति गरिस् भन्यापछि थामिदिया भनिमर्जि भयो र ञाहा भयाको विस्तार तिमीलाई लेषनु पर्न्या हो भनि लेष्याको हो अवर यस जंगी कामका. वास्तामा वहुतै सहिचानगरि कोनै कुराको अयप् नलागन्या श्री ५ सर्कारको वढिया हुन्या पाठसंग आफुलाई लाग्याको काजकाममा वहुतै हुसियारि राषि काम गर शुभम्–

## माघ शुदि ४ रोज १ मा

ताहापछि श्री प्राइममिनिष्टरवाट काजि डिल्ली सिंह वस्न्यातलाई लेषिगया को. मधेस. जिल्लाजिल्लाको चावल हेटौडामा दाखिल भयाको हेटौडादेखि भीम्फेदी सम्म ल्याउन्या निमित्त तिमीलाई पठाया वमोजिमका गाडावयेलको ज्याला मंजुरीको रुपिञा ञाहाबाट वन्दोवस्त गरि पठायाको डेढमहिना जतिभयो. येति गाडाको वन्दोवस्त गरि रसद चलाञ्यु भन्या वेहोरा. केहि लेषि पठायेनौ क्यागरि वसिरह्याछौ ञाहा म छदै भिमफेदीमा दाषिल भयन भन्या हेटौडावाट त्यो रसद कसले ल्याइदेला भन् थानिरह्याछौं. जंगिकामको वास्ता हो. अरू वेहोरा जस्तो गरि वेहोस भैं काम नगर. वेहोस भैं काम गऱ्यौ भन्या अपसरिया हौला शुभम्–

## माघ सुदी ४ रोज १ मा

श्री प्राइममिनिष्टरबाट श्री जनरल र रणउद्दीप सिंह कुंवर राणाजिलाई लेषिगयाको रसद हालन्या वोरा थैलाका कुरामा तिथैला झिकाउंदा काजी डिल्लीसिंह वस्न्यातले र षजांचि शिव प्रसाद अर्ज्यालले इ थैला यस्ता चाहिन्या हुन भनि अंदाज गरि वोराको थैलीको वन्दोवस्त साहु धर्मनारानसंग गरि नमुना दिया छन् उसमा पनि साहु धर्मनारानले सवाई कमगरि ल्याउदा ञाहा आयाका चावल चुहि छिरिजादोरहेछ र सबै कुरामा काजिषजांचि धर्मनारान इ तिन जनालाइ डाडगिरिगर्दा अव भिसाषोरि सम्म वोराका थैला जो आयो त्यो वुझिवक्ष्नुहवस अवर तेस्ता थैला झिकाउन्या छैन वाक्लो टाटको थैला झिकाउला भनि धर्मनारान्ले कवुलगरि रहेछन् सो वमोजिम भिसाषोरिसम्म आयाका वोराका थैला बुझि येस्तरफ रसद वोकाई पठाइदिनु यो चिठि पुग्याका मिति देषि उप्रान्त भन्या वोराका थैला नबुझ्नु वाकलाटाटका थैलाबुझ्नु उपनि १० पाठि चावल अराई डोरिले मुषवाधनु हुन्या बुझ्नु भनि ताहा रहन्या कारिन्दा गैह्लाई उर्दी दिन्या कामगर शुभम्–

(क्रमशः)